आज मिति २०८० साल असार ३ गते आइबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०७९/०८० को अठारौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री दिवाकर पौडेल - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री वेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य कर्मचारीः

२५. श्री ध्रुवराज पौडेल, नगर शिक्षा अधिकारी (अधिकृतस्तर दशौं)
२६. श्री नवराज लौडारी, (लेखा अधिकृत, आठौं)
२७. श्री कृपाहरी लौडारी (अधिकृतस्तर सातौं)
२८. श्री अमृता बस्नेत (सहायक पाचौं)

भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०३/०३ गते बसेको आ.व.२०७९/०८० को १८औं

बैठकका निर्णयहरुः

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८०/०२/२४ गते बसेको आ.व.२०७९/०८० को सत्रौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२ भानु नगरपालिकाको बाह्रौं नगर सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

- मितिः २०८०/०३/१० गते
- समयः बिहान ठिक ११:०० बजे
- स्थानः भानु नगरपालिकाको सभाहल, फुस्रेटार ।

निर्णय नं.३ बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गरी एवं वडाहरुबाट प्राथमिकता निर्धारण गरी छनौट भई आएका योजनाहरुलाई बजेट तथा तर्जुमा समितिमा छलफल गरी अन्तिम प्रस्तावका रुपमा तयार भएको विनियोजन विधेयक, २०८० छलफलका लागि विधेयक समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समिति र राजस्व अभिवृद्धि सम्बन्धी सुझाव समितिले राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा दिएका परामर्श र सुझावहरुलाई आधार मानी तयार गरिएको आर्थिक विधेयक २०८० छलफलका लागि विधेयक समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं.५ विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८० स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं.६ विपद्को लागि खरिद गरिएको जाली विपद् व्यवस्थापन समितिले पेश गरेको मापदण्ड अनुसार वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको वार्षिक योजना तर्जुमासँग सम्बन्धित संयन्त्रहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७४ को बुदाँ नं. ४.६ ले प्रावधान गरे अनुसार नगर कार्यपालिकालाई आवश्यकता बमोजिम राय, सल्लाह सुझाव प्राप्त गर्ने प्रयोजनका लागि भानु नगरपालिकाको मिति २०७९/०३/०२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार गठित विषयगत समितिमा तपसिल बमोजिमको विधेयक समिति गठन गर्ने र अन्य ५ वटा विषयगत समितिको हकमा पहिलाकै विषयगत समितिलाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

क) विधेयक समितिः

- संयोजक - श्री मिन बहादुर गुरुङ्ग ( ९ नं. वडाध्यक्ष)
- सदस्य - श्री विमल राज जोशी (११ नं. वडाध्क्ष)
- सदस्य - श्री शान्ता कुमारी मिजार लम्साल (कार्यपालिका सदस्य)
- सदस्य सचिव - कानून तथा न्यायिक समिति सचिवालय हेर्ने कर्मचारी

२०८०/०३/०३
प्रमुख प्रशासकीय अधिकृत

२०८०/०३/०३
आनन्दराज त्रिपाठी
प्रमुख

**निर्णय नं.८** भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, नगरपालिका कार्यालय, नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, सबै वडा समिति सदस्य, वडा कार्यालय लगायतलाई विपक्षी बनाई परेका मुद्दामा लिखित जवाफ पेश गर्न, वहश पैरवी गर्न, तारेख लिन कानूनी उपचारका लागि लाग्ने सम्पूर्ण खर्च यस नगरपालिकाबाट व्यहोर्ने र उक्त कार्यका लागि अधिवक्ता श्री योगेश्वर भण्डारी (प्र.प.नं.१७०५२) लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** भानु नगरपालिकाको आवधिक नगर विकास योजना तयार गर्नका लागि अस्पिसियस ईनभाइरोमेन्ट कन्सल्ट प्रा.लि. शोलुसन जे.भी. रिसर्च पोइन्ट प्रा.लि. र यस नगरपालिका विच मिति २०७९/०९/१९ मा सम्झौता भएकोमा निर्धारित अवधि भित्र काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपका लागि विभिन्न मितिमा निवेदन पेश भएकोमा मिति २०८०/०३/०२ गते सम्म म्याद रहेकोमा मिति २०८०/०२/२६ मा निवेदन पेश भएको हुदाँ १५ दिन म्याद थप गर्ने र प्राप्त हुन आएको सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन प्राप्त भएपछि सो कार्यको लागि विनियोजन भएको रकम रु.१५,००,०००।– (अक्षरुपी पन्ध्र लाख) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१०** भानु नगरपालिका र एकाउन्टिलिलिटी इनिसियटिभ प्रा.लि. बिच सम्झौता भई भानु नगरपालिकाको कर्मचारी दरबन्दी थपघट सम्बन्धमा अध्ययन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M Survey) प्रतिवेदन पेश गर्नको लागि भानु नगरपालिका र एकाउन्टिलिटी इनिसियटिभ प्रा.लि. बिच सम्झौता भई तयार गरिएको प्रतिवेदन नगरसभाबाट समेत स्वीकृत भएको/ परामर्शदाताबाट अन्तिम प्रतिवेदन पेश भएको हुदाँ सो कार्यको लागि विनियोजन भएको भ्याट सहितको रकम रु. २,२६,०००।– (अक्षरुपी दुई लाख छब्बीस हजार) सम्बन्धित एकाउन्टिलिटी इनिसियटिभ प्रा.लि. ववरमहल काठमाडौंलाई भुक्तानी दिने निर्णय गरियो ।

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख